# चम्पादेवी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### कालिका, ओखलढुंगा, कोशी प्रदेश, नेपाल

## विद्युतिय दरभाउपत्र (e-Bids) आव्हान सम्बन्धी सूचना

***प्रथम पटक प्रकाशित मितिः २०८१/०२/१६ (May-29-2024)***

यस कार्यालयको आ.ब. २०८०/०८१ का लागि स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपसिलमा उल्लेखित कार्य विद्युतिय दरभाउपत्रको प्रक्रियाबाट खरिद गर्नुपर्ने भएको हुँदा सोको लागि विद्युतिय दरभाउपत्र पेश गर्न योग्य तथा इच्छुक इजाजत प्राप्त फर्म वा साप्लार्यसहरुबाट निम्न लिखित शर्तको अधिनमा रहि आफ्नो फर्म/कम्पनी इजाजत पत्र तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा दर्ता प्रमाणपत्रको प्रतिलिपि, आर्थिक बर्ष २०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, कारवाही वा कालोसूचीमा नपरेको स्वःघोषणा र अख्तियारनामा सहित रीतपूर्वक विधुतिय दरभाउपत्र (e-Bids) आव्हान गरिएको छ । दरभाउपत्र फारम तथा अन्य जानकारीका लागि https://www.bolpatra.gov.np/egp वा यस कार्यालयको वेभसाइट https://www.champadevimun.gov.np मा हेर्न सकिनेछ ।

**तपशिल**

| ठेक्का नं. | कामको विवरण | लागत अनुमान (भ्याट नलाग्ने) | धरौटी रकम | दरभाउपत्र फारम दस्तुर |
|---|---|---|---|---|
| CDRM/OKL/Goods/ SQ/ 09/2080-081 | The Procurement of Supply and Delivery of Agricultural Equipment | रु. १९,९६,०००।- | रु. ५०,०००।- | रु. १,०००।- |

**शर्तहरु**

१. दरभाउपत्र फारम दस्तुर यस कार्यालयको कृषि विकास बैंक लि., चम्पादेवी घोराखोरी शाखामा रहेको **आन्तरिक राजस्व खाता नं.** Ga-1-1 (1125701782616052) मा रु। १,०००।- (एक हजार मात्र) जम्मा गरी सो को भौचर Scan कपी विद्युतिय बोलपत्र फारम साथ पेश गर्नु पर्नेछ ।

२. दरभाउपत्र फारम साथ धरौटी बापतको रकम यस कार्यालयको कृषि विकास बैंक लि., चम्पादेवी घोराखोरी शाखामा रहेको **धरौटी खाता नं.** Ga-3-1(1125701782616044) मा जम्मा गरेको अर्धकट्टीको सक्कल भौचर वा राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट ठेक्का नं. उल्लेख गरी यस कार्यालयको नाममा जारी भएको दरभाउपत्र जमानत पेश गर्नुपर्ने छ । दरभाउपत्र मान्य हुने अवधी कम्तीमा दरभाउपत्र खोल्न तय भएको मितिबाट कम्तिमा ४५ (पैतालिस) दिनको हुनुपर्ने छ र दरभाउपत्र जमानतको मान्य अवधी दरभाउपत्र मान्यहुने अवधि भन्दा कम्तिमा ३० (तीस) दिन बढि (दरभाउपत्र खोल्न तय भएको मिति बाट कम्तीमा ७५ दिन) हुनु पर्नेछ ।

३. दरभाउपत्र फारम सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औ दिन (२०८१/०२/३१) को १२:०० बजे सम्म अनिवार्य अनलाईन प्रणालीमा पेश गरी सक्नु पर्नेछ । सोही दिन (२०८१/०२/३१) को ०२:०० बजे कार्यालयको प्रतिनिधिहरु र दरभाउपत्र दाताहरुको प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । दरभाउपत्रदाताको प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा हुने छैन ।

४. दरभाउपत्र पेश गर्ने अन्तिम दिन तथा खोल्ने दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानी सो कार्यहरु गरिनेछ । यस्तो अवस्थामा दरभाउपत्र र दरभाउपत्र जमानतको मान्य अवधि भने साविककै मिति देखि गणना गरिनेछ ।

५. कुनै वा सबै दरभाउपत्र, पुरै वा आंशिक रुपमा स्वीकार गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।

६. यस सूचनमा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित नेपाल कानून बमोजिम हुनेछ । साथै दरभाउपत्र सम्बन्धी थप जानकारी यस कार्यालयमा कार्यलय समयभित्र सम्पर्क राखी वा फोन नं ९८५२८४४४४८ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

**नि.प्रमुख प्रशासकीय अधिकृत**